अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८, संख्याः ४, गोरखा, भदौ १९ गते २०८१, अतिरिक्तांक : ४

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि– २०८१ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि -२०८१

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१

**प्रस्तावना** : अजिरकोट गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको पालिका हुनाले यस क्षेत्रको ब्यवसायीकरण गरि प्रमुख कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दी गरि अन्तरिक मागको पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्न र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिश्चित गर्नुपर्ने भएकाले अजिरकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम " कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि - २०८१" रहेको छ ।

२) यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ।

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २

## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

५) "कार्यक्रम" भन्नाले कृषि उत्पादनमा आधारित अनुदान सम्झनु पर्दछ

६) "समिति" भन्नाले यस कार्यविधिको दफा ७(२) बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्दछ

७) "अनुदानग्राही" भन्नाले अजिरकोट गाउँपालिकामा कृषि पेशामा संलग्न कृषकलाई सम्झनु पर्दछ

## परिच्छेद-३

## उद्देश्य

**३. उद्देश्यहरु :**

१) कृषि उपज सामग्रीको उत्पादन र उत्पादकत्वमा टेवा पुराउने

२) कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्ने र पालिकाको कृषि उपज सामग्रीको आयात प्रतिस्थापन गर्ने

## परिछेद-४

## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनः** यस कार्यक्रमलाई अजिरकोट गाउँपालिका, कृषि विकास शाखाबाट संचालन गरिनेछ

**५. आबेदन आब्हान :**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि अनुसूची (१) अनुरुप गाउँपालिकाले प्रथम पटक कम्तिमा ३० दिनको सार्वजनिक सूचना प्रकाशित गरि आबेदन माग गर्न सक्नेछ र त्यस पछि माग अनुरुप सम्बन्धित कृषक/ कृषक समूह/ कृषि सहकारीले आ.ब. को चैत मसान्त सम्म निबेदन दिन पाऊनेछन ।

**६. आबेदन संकलन :**

१) दफा ६ को उपदफा (१) बमोजिम सूचना प्रकासित भएपछि कृषक / कृषक समूह/ कृषि सहकारीले वडा कार्यालयमा तल तोकिए अनुसारको कागजातसहित अनुसूची २ अनुसार निबेदन र अनुसूची ३ अनुसारको कृषक विवरण दिनु पर्नेछ

क) व्यक्तिगत निबेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

ख) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४ )

ग) वडा स्थारिय कृषि प्राबिधिक तथा जनप्रतिनिधिको कार्य सम्पन्न प्रतिबेदन (अनुसूची ५)

घ) अनुदान कार्यक्रम संचालन गर्ने स्थान व उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

२) अजिरकोट गाउँपालिकामा बसोबास गर्ने व्यक्ति, कृषि तथा पशुपन्छी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी, दुग्ध सहकारी लगायत कृषि, पशु तथा मत्स्यपालक कृषकले तोकिएको समयमा आवेदन दिन सक्नेछन् ।

३) दफा ६ को उप दफा १ बमोजिम आएका आवेदनहरु गाउँपालिका कृषि विकास शाखामा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद- ५
## छनौट प्रक्रिया

**७) छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुलाई सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको

आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) **छनौट समितिः** छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) कृषि विकास शाखा प्रमुख - सदस्य / सदस्य सचिब

ग) पशु विकास शाखा प्रमुख - सदस्य / सदस्य सचिब

घ) सम्बन्धित वडा प्राबिधिक (कृषि) - सदस्य

ङ) आर्थिक विकास संयोजक - सदस्य

३) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष कृषि विकास शाखाले पेश गर्नुपर्नेछ ।

४) स्वीकृत भएका कार्यक्रमहरु सम्झौता गरि भुक्तानीको लेखा शाखामा पेश गरिनेछ ।

**९) छनौटका आधारहरु :**

१) छनौटका आधारहरु दर्तावाल फर्म/ सहकारी/ कृषक समुह/ कृषकको लागि अनुसूची ६ बमोजिम हुनेछ ।

२) कार्यक्रम छनौट भई अनुदान प्राप्त गर्न अनुसुचि ६ बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ ।

## परिच्छेद- ६

## कार्यक्रम संचालन

**१०) जानकारी दिन पर्नेः**

१) छनौट समितिबाट स्वीकृत भएका कार्यक्रमको सम्बन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ।

२) उपदफा १ अनुसार जानकारी दिदा सात दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गर्नुपर्नेछ।

**११) सम्झौता गर्नु पर्ने :** यो कार्यविधि अनुसार गाउँपालिकाले कार्यक्रम संचालनका लागि सम्झौता गर्दा देहाए को सर्तहरु समेत पालना गर्ने गरि तोकिएको समयाबधि भित्र तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ

१) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न अनुसूची ६ मा भएको मापदण्ड अनुसार सम्बन्धित कृषकको कृषि उपजको उत्पादन पश्चात कृषि प्राविधिकको अनुगमन प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ

२) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न सम्बन्धित कृषकको कृषि उपजको उत्पादनको फोटो संकलन गर्नुपर्दछ (सम्बन्धित वडा प्राबिधिक सहितको)

३) खेति योग्य भूमिको जगेर्ना र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिस्चित गर्नुपर्नेछ

४) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिएको जमिनमा कम्तिमा ५ बर्ष कृषि उत्पादन र उत्पादकत्व बृद्दि गर्न शर्त मन्जुर गरिएको हुनुपर्नेछ

## परिच्छेद-७

## भुक्तानी प्रक्रिया

**१२) अनुदान रकम र भुक्तानी प्रक्रियाः**

१) अनुदान रकम अनुसूची ६ मा रहेको मापदण्ड अनुसार हुनेछ । अनुदान बाहेकको थप श्रोत आवेदक आफैले ब्यबस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४ )

ख) वडा स्थारिय कृषि प्राबिधिक तथा जनप्रतिनिधिको कार्य सम्पन्न प्रतिबेदन (अनुसूची ५)

ग) व्यक्तिगत निबेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

घ) अनुदान कार्यक्रम संचालन गर्ने स्थान व उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

छ) कृषि विकास शाखामा गरिएको सम्झौता

**१३) अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१४) भुक्तानी दिन बाध्य नहुने :**

१) सम्झौतामा भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद-८
## बिबिध

१५) **बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१७) **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१८) **खारेजी र बचाऊ** :

१) यस दफा अनुसार कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि - २०७९ को खारेज गरिएको छ

२) कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि - २०७९ अनुसार गरेका कामकारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

# अनुसूची – १

## कृषि विकास शाखा, अजिरकोटको कृषि कार्यक्रममा सहभागी हुन प्रस्ताब आव्हानको

**सुचना ।                    सुचना ।।                    सुचना ।।।**

यस अजिरकोट गाउँपालिकाको आ. व. **...........** को वार्षिक स्वीकृत निशर्त तर्फको कार्यक्रम अनुसार कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा अजिरकोट गाउँपालिका भित्रका कृषक, निजि फर्म, कृषक समूह तथा कृषि सहकारीबाट आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **चैत्र मसान्त** भित्र कृषि शाखा वा वडा कार्यालयमा तपशिल अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्न हुन अनुरोध छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समाबेश हुन नसक्ने व्याहोरा समेत जानकारी गराइन्छ। प्रस्ताव पत्र र संक्षिप्त ब्यवसायिक कार्ययोजनाको ढाँचा कृषि विकास शाखा वा वडा कार्यालय बाट प्राप्त गर्न सकिनेछ।

**निबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- व्यक्तिगत निबेदन र कृषि गरेको विवरण
- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस
- अनुदान कायक्रम सञ्चालन गर्ने स्थान वा उत्पादित कृषि सामाग्रीको फोटो ३ प्रति
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिस
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनीसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

# अनुसूची–२

श्री कृषि शाखा प्रमुख ज्यु,
अजिरकोट गा.पा, भच्चेक गोरखा

**विषयः स्थलगत अनुगमन गरि कृषि उत्पादनमा आधारित अनुदान पाउँ भन्ने बारे ।**

अजिरकोट गाउँपालिकाको मिति २०७९/ / मा प्रकाशित सूचना अनुसार यस/म ........................................ ले गाउँपालिकाको सहयोगमा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न राखी यो दरखास्त पेश गरेको/गरिएको छु/छ । कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि–२०७९ र अन्य प्रचलित कानुन बमोजिमका सर्तहरु पालना गर्न मन्जुर छु/छौं ।

**निवेदकः**

.........................

# अनुसूची–३

उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण

१. कृषकको नाम :

२. ठेगाना:

३. दुहुना गाई,दुहुना भैसी/खेती गरिएको क्षेत्रफल/ माउ बाख्रा/ लगाएका फलफुलका संख्या/लगाएको तरकारीको क्षेत्रफल:

४. लगाएका फलफुलका किसिम/तरकारीका किसिम:

५. गत वर्षको उत्पादन परिमाण

| दुध उत्पादन लि. | बिक्री परिमाण लि. | खसी/बोका/पाठा पाठी उत्पादन संख्या | हुर्काएका फलफुलका संख्या | उत्पादन गरिएको ताजा तरकारी को परिमाण के.जी. | बजारीकरण गरिएको ताजा तरकारी को परिमाण के.जी. | तरकारी को विउ उत्पादन परिमाण के.जी. | तरकारी को वीउ परिक्षण गराएको पटक |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

६. यस वर्षको हालसम्मको उत्पादन परिमाण:

| दुध उत्पादन लि. | बिक्री परिमाण लि. | खसी/बोका/पाठा पाठी उत्पादन संख्या | हुर्काएका फलफुलका संख्या | उत्पादन गरिएको ताजा तरकारी को परिमाण के.जी. | बजारीकरण गरिएको ताजा तरकारी को परिमाण के.जी. | तरकारी को विउ उत्पादन परिमाण के.जी. | तरकारी को वीउ परिक्षण गराएको पटक |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. गत वर्षको अधिकत्तम उत्पादन महिना र परिमाणः

८. गत वर्षको न्यूनतम उत्पादन महिना र परिमाणः

९. बिक्री/उत्पादन अभिलेखको अवस्था : भएको/नभएको

१०. बजारसँग खरिद बिक्री सम्झौताको अवस्था : भएको/नभएको

# अनुसूची–४

## सम्बन्धित वडाको सिफारिस पत्र

श्री कृषि विकास शाखा प्रमुख ज्यु
अजिरकोट गा.पा, भच्चेक, गोरखा

**विषयः सिफारिस गरिएको बारे ।**

तहाँ शाखाको मिति **....................** मा प्रकाशित सूचना अनुसार ......................................... कृषक/समूह/सहकारीले अजिरकोट गा.पा. वडा नं......... को ...............रोपनी क्षेत्रफल/संख्या...........भएको जग्गामा/पशुको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ

सिफारिस गर्नेको

नामः

पदः

दस्तखरः

मितिः

# अनुसूची–५

## कार्य सम्पन्न प्रतिवेदनको नमूना

| क.स | विवरण | |
|---|---|---|
| १ | कृषकको नाम : | |
| २ | ठेगानाः | |
| ३ | ............. खेती गरिएको जग्गाको क्षेत्रफलः<br>मौरी घारको संख्याः<br>पशुको संख्या :<br>उत्पादन गरिएको फलफुल बेर्ना संख्याः | ..........रोपनी<br>.......... घार<br>.......... संख्या<br>.......... संख्या |
| ४ | बाली उत्पादन गरिएको क्षेत्रफल :<br>मह निकालिएको घार संख्या :<br>दुध तथा मासु उत्पादन प्रति लि/केजीः | ................... रोपनी<br>.................. घार<br>................ संख्या |
| ५ | जम्मा उत्पादन : | ................ केजी<br>............... केजी/घार |
| ६ | जम्मा अनुमानित उत्पादन : | |
| ७ | प्रति केजी अनुदान रु | |
| ८ | जम्मा अनुदान रकम रु | |

**तयार गर्ने** **काम गर्ने** **जाचँ गर्ने** **सदर गर्ने**

# अनुसूची ६

## विभिन्न बालि तथा उत्पादनको मापदण्ड र अनुदान रकम

| क्र स. | बालि/बस्तु | न्युनतम मापदण्ड | न्युनतम उत्पादन | अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न बालि (धान,मकै,गहु,) | १० रोपनी | ५० मुरी | प्रति मुरी २०० | |
| २ | दलहन बालि | ५ रोपनी | ३ मुरी | प्रति मुरी रु ५०० | |
| ३ | तेलहन बालि | १० रोपनी | ५ मुरी | प्रति मुरी रु ५०० | |
| ४ | आलु बालि | ५ रोपनी | ४० मुरी | उन्नत आलु प्रति मुरी रु २००<br>रैथाने आलु प्रति मुरी रु ३०० | |
| ५ | प्याज | १ रोपनी | ३ qtl | प्रति qtl रु १०० | |
| ६ | मह | १० घार | ५० के.जी. | प्रति के.जी रु ५० | |
| ७ | फलफुल | ५ रोपनी | ५०० kg | प्रति के.जी. रु १० | |
| ८ | फलफूलको बिरुवा | २०० वर्ग मि | 5000 pcs | प्रति बिरुवा रु ३ | |
| ९ | फलफूलको बिरुवा कलमी | १०० वर्ग मि | 1000 pcs | प्रति बिरुवा रु ५ | |
| १० | रैथाने बालि (जौ, फापर, कोदो ) | कोदो :१० रोपनी<br>अन्य : ५ रोपनी | १० मुरी<br>१ मुरी | कोदो प्रति मुरी रु ३००<br>अन्य प्रति मुरी रु ५०० | |
| ११ | मसला बालि (अलैची, अदुवा , बेसार ) | अदुवा बेसार : ५ रोपनी<br>अलैची : १५ रोपनी | 100 kg<br>200 kg | प्रति के.जीः रु १०<br>प्रति के.जी रु ५० | |
| १३ | खसी/बोका/ भेंडा | १० pcs | २०० केजी | प्रति के.जी. रु ३० | |
| १४ | लोकल कुखुरा/ हाँस/टर्की | १०० pcs | २०० केजी | प्रति के.जी. रु ५० | |
| १५ | कुखुराको अण्डा | २०० अण्डा पार्ने कुखुरा | | प्रति क्रेट रु ३० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | माछा | १०० pcs | १०० के जी | प्रति के.जी. रु २० | |
| १७ | बंगुर | ४ pcs | २०० के जी | प्रति के.जी. रु २० | |
| १८ | विभिन्न तरकारी | १ रोपनी | १०० kg | प्रति के.जी रु ५ | |
| १९ | गोलभेंडा | १०० वर्ग मि | १०० kg | प्रति के.जी. रु १० | |
| २० | मासुका लागि पाडा पाडी | ५ pcs | ३०० के जी | प्रति के.जी. १० | |
| २१ | दुध | ४ वटा | १० लि | प्रति लि रु ५ | |
| २२ | घाँसको बिरुवा | १ रोपनी | ५००० pcs | प्रति बिरुवा रु ३ | |
| २३ | जै घाँस | ४ रोपनी | १० मुरी | प्रति मुरी २०० | |
| २४ | कफी | ५ रोपनी | १०० के जी | प्रति के जी १० | |

आज्ञाले

नवराज अवस्थी

प्रमुख प्रशासिकय अधिकृत